# वीरगंज महानगरपालिका ई-बुलेटिन

बर्ष १, अंक-७   २०७८ आश्विन १८ गते सोमबार/ नेपाल संवत् ११४१/   Monday, October–04, 2021   पृष्ठ ४


## वीरगञ्ज महानगरमा जुनसुकै सेवा लिन मास्क अनिवार्य

वीरगञ्ज महानगरपालिका, मातहतका वडा कार्यालय र स्वास्थ्य संस्थाबाट सेवा लिन अनिवार्य मास्क लगाउनुपर्ने भएको छ । पूर्ण मास्क प्रयोगको सुनिश्चितता शुभारम्भ कार्यक्रममा नगर प्रमुख सरावगीले त्यस्तो घोषणा गरेका हुन् । नजिकिदै गरेको दशैं, तिहार र छठ पर्वमा सर्वसाधरणको चलहपहल बढ्दा कोरोना संक्रमण फैलन सक्ने जोखिमलाई ध्यानमा राखेर मास्क प्रयोग अनिवार्य गरिएको नगर प्रमुख सरावगी बताउँछन् ।

'नेपालीहरुको प्रमुख चाड दशैं, तिहर र छठ नजिकिएको छ । लाखौं मानिसहरु भारत लगायत अन्य मुलुकबाट नेपाल आउँछन् । यसले गर्दा कोरोन संक्रमणको अर्को लहर आउन सक्ने चुनौति छ ।'

नगर प्रमुख सरावगीले भने ' सीमा नाकामा एन्टीजेन टेष्ट लगायत स्वास्थ्य मापदण्डको पालना गराउन त लगाएका छौं । तर कोरोना मानिसको न्यालबाट सर्छ । त्यसलाई रोक्ने प्रभावकारी उपाय भनेको मास्क लगाउने नै हो ।'

वीरगञ्ज महानगरपालिका तथा महानगर भित्र रहेको सबै कार्यालयमा सेवा लिन र दिन अनिवार्य मास्क लगाउनुपर्ने उनको भनाई छ । ' सेवाग्राही मात्रै हैन कर्मचारीलाई पनि बिना मास्क कार्यालय प्रवेश गर्न नदिन भनेका छौं । वडा स्तर, स्वास्थ्यचौकी र महानगरको क्षेत्रमा लागु हुन्छ ।' उनले भने 'अन्य सरकारी निकायमा पनि जिल्ला प्रशासन कार्यालय मार्फत



मास्क अनिवार्य गर्न पत्राचार भईसकेको छ । सेवाग्राही र कर्मचारीले कार्यालयमा आउँदा मास्क अनिवार्य लगाउनैपर्छ ।' मास्क लगाउने अभियान अरुको सुरक्षाका लागि मात्रै नभएर आफ्नै सुरक्षाका लागि भएको धारणा उनको छ । खोप लगाए पनि कोभिड संक्रमण भई मानिसको मृत्यु भएको घटना देखिएको बताउँदै उनले स्वास्थ्यकर्मी, कर्मचारीले सेवाग्राहीलाई मास्क बिना प्रवेश निषेध गर्नुपर्नेमा जोड दिए ।

सीमा नाकाबाट भारतीय निजी सवारी साधनले समेत प्रवेश अनुमति पाईसकेको अवस्थामा थप सचेत हुनुपर्ने धारणा उनको छ ।

'भारतीय सवारी साधन आउन थालिसकेका छन्, पहलो दिनमै ४ सय ८५ वटा मोटरसाईकल र ८० वटा गाडी आएको सूचना मैले पाएको छु ।' उनले भने ' चाडवाडमा २/३ हजार गाडी आउन सक्छन् । त्यसले संक्रमणको जोखिम बढाउँछ ।' ६० प्रतिशत भ्याक्सिनेसन नहुँदासम्म जोखिम कायम रहने नगर प्रमुख सरावगीले बताए ।

### ५ हजार स्टिकर, पोष्टर टाँसियो

कोरोना संक्रमण घट्दै गएपछि वीरगञ्जमा पछिल्लो समय लापरबाही बढ्दै गएको छ । मास्कको प्रयोग, सामाजिक दुरी कायम गर्ने, साबुन पानीले हात धुने वा स्यानीटाईजर लगाउन नगरबासीले छोडिसकेका छन् । नगरबासी मात्रै हैन, महानगरका अधिकांश कर्मचारीले समेत मास्क लगाउँदैनन् । अभियान अन्तर्गत वीरगञ्जका १२ स्थानमा 'मास्क बिना प्रवेश निषेध, ' मास्क बिना कुराकानी निषेध र ' मास्क बिना सेवा निषेध' लेखिएको स्टिकर, पोष्टर लगाईने स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख अरुण महतोले जानकारी दिए । वीरगञ्ज बसपार्क, नेशनल मेडिकल कलेज, नारायणी अस्पताल, नगवा चौकी, ईदगाहा चोक, गण्डक चोक, छपकैया, एडभान्स अस्पताल, गण्डक चोक, रानीघाट पुल, मुर्ली चोक लगायतका स्थानमा स्वास्थ्यकर्मीहरु पुगेर अभियानबारे सचेतना जगाउने र मास्क वितरण गर्नेछन् । अभियानका क्रममा ५ हजार स्टिकर, पोष्टर टाँस्ने, १५ हजार मास्क वितरण गर्ने लक्ष्य राखिएको लाईफ नेपालका टिम लिडर जीवन पुडासैनीले जानकारी दिए ।

### तपाईको मास्क खै ? सचेतामुलक न्याली

मास्क लगाउन सचेतना जगाउने उद्देश्यले महानगरपालिकाबाट निकालिएको सचेतनामुलक न्याली घण्टाघर आएर सभामा परिणत भएको थियो । न्यालीमा महानगरपालिकाका जनप्रतिनीधि, कर्मचारी, स्वास्थ्यकर्मी, नर्सिङ अध्ययन गर्दै गरका विद्यार्थी र स्काउटको सहभागिता रहेको थियो ।

न्यालीमा सहभागीले 'मैले लगाएको मास्कले तपाईलाई सुरक्षा दिन्छ, तपाईले लगाएको मास्कले मलाई सुरक्षा दिन्छ ।', 'कान वा चिउँडोमा राख्दैमा मास्क लगाएको हुँदैन, नाक मुख छोपिनेगरि मास्क लगाऔं ।, मास्क लगाऔं, जिम्मेवार बनौं, 'चिउँडोमा लगाएको मास्कले कोरोना संक्रमणबाट बचाउँदैन' लगायत सचेतनामुलक नारा लेखिएको प्ले कार्ड बोकेका थिए ।

युनिसेफ, स्काउट, प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश नं २ र वीरगञ्ज महानगरले कार्यक्रम आयोजना गरेको थियो ।

## विश्व मुटु दिवस : वीरगञ्जमा 'वाक ए थन' कार्यक्रम

विश्व मुटु दिवस, हरेक वर्ष सेप्टेम्बर २९ तारिखमा विश्वभर मुटु दिवस मनाईन्छ । यसवर्ष ' मुटु जोड्नका लागि प्रयोग गरौं ।' भन्ने नाराका मुटु दिवस मनाईदैछ । सन् २०२१ को विश्व मुटु दिवसले भावना र मानवीयतालाई जोड्ने उद्देश्य लिएको छ । अझ कोभिडपछिको विश्वमा डिजिटल जानकारी र उपचार पद्धतिलाई यस वर्ष विशेष महत्व दिइएको छ ।

विश्व मुटु दिवसको अवसरमा वीरगञ्जमा 'वाक ए थन' ( थोरै हिड्नुहोस) न्याली निकालिएको छ । वीरगञ्ज महानगरपालिका स्वास्थ्य तथा सामाजिक विकास महाशाखा जन स्वास्थ्य प्रवद्धन शाखा र नारायणी बयोधा अस्पतालको संयुक्त आयोजनामा कार्यक्रम गरिएको हो ।

मुटु स्वस्थ राख्नका लागि अपनाउनुपर्ने सावधानीका बारेमा विभिन्न सचेतनामुलक सन्देश सहित वीरगञ्जको घण्टाघरबाट निस्किएको न्याली नारायणी अस्पतालमा पुगेर सभामा परिणत भएको थियो । न्यालीमा सहभागीले 'स्वस्थ मुटु, सशक्त जीवन', 'स्वस्थ मुटुका लागि हिँड र दौड', 'सुखी



जीवनका लागि मुटु स्वस्थ राखौं', 'मुटुमा उर्जा थपौं, जीवनलाई सशक्त बनाऔं ' , 'हृदयाघातको जोखिमबारे जानी राखौं' लगायतका नारा लेखिएको प्ले कार्ड बोकेका थिए ।

कोण सभामा बोल्दै मुटुरोग विशेषज्ञ डाक्टर राधा भट्टराईले मुटु स्वस्थ राख्न ध्यान दिनुपर्ने बताईन् । ' मुटु स्वस्थ राख्नु नै महत्वपूर्ण कुरा हो । त्यसका लागि नुन कम खाने, तारेको पोलेको खानु हुँदैन, तेल कम खानुपर्छ । मोटोपनलाई घटाउनुपर्छ ।' उनले भनिन् ' नियमित व्यायाम गरेर मुटु स्वस्थ राख्नुपर्छ ।'

वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले स्वस्थ हावापानी, धुलो धुवाँ रहित वातावरण कायम राख्न सके मुटु स्वस्थ हुने बताए । 'शरीरलाई समय दिनुपर्छ, बिहान बेलुका जतिखेर सकिन्छ हिँड्नुपर्छ ।' उनले भने ' मुटुलाई स्वस्थ राख्नुपर्छ ।' मुटु शरीरको अभिन्न अंग हो, यसको स्वास्थ्य वातावरणसँग जोडिएको हुन्छ, स्वस्थ हावापानी पाउँदा मुटु स्वस्थ हुन्छ, धुलो धुँवाबाट बच्नैपर्छ । स्वस्थ खानपान गर्नैपर्छ । ' उनले भने ' बिहान बेलुका जुन बेला हुन्छ, आधा एक घण्टा शारीरिक ब्यायाम, वा हिँडडुल गर्नुपर्छ । ' वीरगञ्ज महानगरपालिकाले विपन्न वर्गलाई मुटु रोगको उपचारका लागि सिफारिश गर्ने गरेको छ । आर्थिक वर्ष ०७५/०७६ मा ४४, ०७६/७७ मा ९७ र ०७७/०७८ मा ७३ जनालाई मुटु रोगको उपचारका लागि सिफारिस गरिएको जनस्वास्थ्य निरीक्षक सुमन चन्द्र ठाकुरले जानकारी दिए । विपन्न नागरिकलाई मुटुमा पेसमेकर तथा स्टेन्ट राख्नु परेमा, एब्लेशन गर्नुपरेमा, मुटुको भल्भ पूर्णरुपमा क्षति भएको या मुटु फेल भएको उपचारका लागि सरकारले १ लाख रुपैयाँसम्म अनुदान दिने गरेको छ ।

### के हो मुटु ?

मुटु, एउटा सानो पम्पजस्तो अङ्ग हो । हाम्रो छातीमा जन्मेदेखि मृत्यु नहुँदासम्म रहन्छ । यसले रगतको चाप हरेक धमनी अनि कोशिकाहरूमा पठाइरहन्छ । विश्वभरिका स्वास्थ्य संगठन अनि सरकार प्रमुखहरूले सन्

बांकी चौथो पेजमा

## भारतीय गाडीलाई मिल्यो नेपाल आउने अनुमति

### सरकारले बोर्डर बन्द गर्नु अघि चार पटक सोच्नुपर्छ : नगर प्रमुख सरावगी



देशकै प्रमुख नाका वीरगञ्ज(रक्सौ नाका हुँदै भारतीय गाडीको आवागमन शुरु भएको छ । शुक्रबारदेखि नेपाल सरकारले तोकेको प्रक्रिया पुरा गरि आएका भारतीय सवारी साधनलाई नेपाल प्रवेश गर्न दिईएको हो ।
असोज ५ गते नेपाल सरकारले 'विदेशबाट नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरुको यात्रा व्यवस्थापन सम्बन्धि ओदश २०७८' जारी गरेको छ ।

शुक्रबार बिआर ०६ सीएम ०३२४ नम्बरको भारतीय सवारी साधन आवश्यक प्रक्रिया पुरा गरी नेपाल प्रवेश गरेको छ । उक्त सवारीमा नेपाल प्रवेश गरेका पाहुनालाई होटल तथा पर्यटन व्यवसायी संघ वीरगञ्जको टोली शंकराचार्य गेट पुगी माला लगाएर स्वागत गरेका छन् ।

भारतीय सवारी आवागमनमा रोक लागेका कारण कोरोना महमारीका कारण थला परेको होटल तथा पर्यटन व्यवसाय माथि उठ्न नसकेको गुनासो व्यवसायीले गर्दै आएका छन् ।

वीरगञ्ज व्यवसायीहरुले प्रधानमन्त्री शेरबहदुर देउवालाई समेत भेटेर नाकामा भारतीय सवारी साधनको आवागमन सहज बनाउन माग गरेका थिए । होटल तथा पर्यटन व्यवसायी संघ वीरगञ्जका अध्यक्ष हरि पन्तले भारतीय निजी सवारीको प्रवेश अनुमतिले देशभरको होटल तथा पर्यटन व्यवसाय चलायमान हुने बताए ।
' लामो प्रयासपछि भारतीय सवारी साधन नेपाल आउन पाउने भएको छ । ' उनले भने ' वीरगञ्ज लगयत नेपालका देशभरका होटल तथा पर्यटन क्षेत्रमा ब्यापार बढ्ने निश्चित छ ।'

भारतीय सवारी साधन नेपाल प्रवेश गर्न आवश्यक प्रक्रियाका बारेमा जानकारी दिन राज्यका निकायहरुले सहजीकरण गर्नुपर्ने र त्यसका लागि नाकामा 'हेल्प डेस्क' राख्नुपर्ने सुझाव उनले दिए ।

वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले भारतीय सवारी साधन आउन दिँदा पर्यटन व्यवसायले पूर्नजीवन पाउने बताए ।
' भारतीय सवारी साधनका लागि पनि नाका खोलिएको छ, पर्यटनको ठूलो आधार भारतीय पर्यटक हो । डेढ वर्षदेखि अनिर्णयको बन्दी बनाएर राखिएको थियो ।' उनले भने ' स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गरेर गाडी छोड्दा हुने थियो । तर काम गर्दा जोखिम नलिने प्रवृत्ति छ । मानिसको आवत जावत रोकिएको छैन, गाडीले मात्रै कोरोना सर्छ भन्ने कुरा उचित पनि थिएन । अब वातावरण सहज बन्छ, पर्यटन क्षेत्र फष्टाउँछ ।'

दुवैतिर भ्याक्सिनेसनको काम भईरहेको अवस्थामा नाकामा कडा मापदण्ड बनाउँदा कार्यान्वयन गर्न कठिन हुने उनको बुझाई छ । सरकारले बोर्डर बन्द गर्नु अघि चारपटक सोच्नुपर्ने नगर प्रमुख सरावगीको भनाई छ ।
'भारत नेपालको सम्बन्ध सिमनाको सम्बन्ध हैन, जनस्तरको सम्बन्ध छ । सीमा क्षेत्रमा मानिसहरुको पैदल आवागमन हरदम भईरहेको छ, भारतीय गाडीको आवागमन रोकिएको थियो । ' उनले भने ' आशा छ अब बन्द गर्नु अघि सरकारले चार पटक सोच्नेछ ।'
कसरी ल्याउन पाईन्छ भारतीय गाडी ? वीरगञ्ज भन्सार कार्यालयले विगतमा जस्तै भारतीय सवारी साधनलाई पास दिन शुरु गरेको छ । कार्यालयले सुविधा र अस्थायी गरी दुईखाले सवारी पास उपलब्ध गराउने गरेको छ ।

सुविधा पास निशुल्क पाईन्छ भने अस्थायी सवारी पासका लागि तोकिएको शुल्क तिर्नुपर्ने हुन्छ । सुविधा पास नजिकको बजार तथा अस्पतलसम्म जानका लागि हो । प्रवेश गरेकै दिन फर्कनुपर्ने भन्ने नियम छ । तर सीमावर्ती जिल्लामा कतिपयले आफन्तको नाममा भारतीय सवारी

बांकी चौथो पेजमा

## सम्पादकीय



# विकासका लागि सहकार्य

वीरगञ्ज महानगरले चालु आर्थिक वर्षमा पनि विकासका कामहरु धमाधम सञ्चालन गरिरहेको छ। भौतिक संरचना निर्माण, विभिन्न सिपमुलक तालिम, अनुदान मार्फत प्रोत्साहनका काम भईरहेको छ। भौतिक विकाससँगै मानवीय विकास हुन आवश्यक छ। वीरगञ्ज महानगरमा जनप्रतिनीधि आएपछि दुवै कुरालाई ध्यान दिएर काम भईरहेको छ। जनप्रतिनीधि नहुँदा वीरगञ्ज अखस्तव्यस्त अवस्थामा थियो। महानगर ऋणमा डुबेको थियो। एडीबीका योजना, बस टर्मीनलका जस्ता योजना अलपत्र थिए। ल्याण्ड फिल्ड साईट थिएन। अस्तव्यस्त अवस्थामा महानगरपालिका पुगेको थियो। महानगरपालिकाले विभिन्न अधिकार दिईएपनि कसरी सञ्चालन गर्ने भन्ने एक किसिमको अन्यौलपूर्ण स्थिति थियो। गर्दै सिक्दै भनेजस्तै महानगरले चार वर्षमा धेरै उपलब्धी हाँसिल गरिसकेको छ।

सबैभन्दा पहिले नगरको फोहोर व्यवस्थानलाई महानगरले प्राथमिकता दिएर काम गरेको छ। फोहोर बोर्डर र नदी किनारमा फाल्ने प्रवृत्तिका अन्त्य भएको छ। अब नराम्रो ढंगले फोहोर फाल्न प्रतिबन्ध लगाईएको छ। बढी फोकस उज्यालो वीरगञ्ज अभियानमा छ, जुन २४ करोडको परियोजना हो, भेडाहा खोला नियन्त्रण, ग्रामिण क्षेत्रको सडक निर्माण लगायत विविध योजनामा महानगरले काम गरिरहेको छ। महानगरपालिकासँग योजना बैंक नै छ। प्राथमिकता अनुसार योजन बैकका कामहरु हुने गरेको छ। वीरगञ्ज( १९ बिन्दबासिनी कोन्हियादेखि शुरु भएर अलौं हुँदै २७ नम्बर वडा स्थित नहरसम्म जोड्ने बाटो र दरदरवा, बगही हुँदै रतपुरसम्मको बाटो महानगरपालिकाले बनाउँदैछ।

जनप्रतिनीधि आएपछि ३२ वटै वडामा सडक ढलानको काम अत्यधिक भएको छ।१ सय २४ किलोमिटर ढलान भईसकेको छ। नाला पनि बनेका छन्। आउने दिनमा साढे ३ करोडको नाला महानगरले बनाउँदैछ। वीरगञ्जमा अन्डर ग्राउन्ड डूनेज धेरै बनिसकेको छ। महानगरपालिकामा सिमित स्रोत साधन र जनशक्ति छ। त्यसैलाई परिचालन गरेर काम लिने हो। महानगरले आफ्नो अधिकार क्षेत्र भित्र रहेर विकासको कामहरु सञ्चालन गर्छ। वीरगञ्जमा संघ र प्रदेश सरकारको जिम्मेवारीमा पर्ने सडक छन्। अन्य विकासका काम छन्। तर उनीहरुले जिम्मेवारी पुरा गरिरहेका हुँदैनन्। तोकिएको समयमा काम नगर्दा जनता महानगरसँग रिसाउने गरेका छन।

महानगरसँग त्यति स्रोत र साधन छैन। संघ र प्रदेश सरकारले हेर्ने कुरालाई मेन्टेन गर्ने कार्य महानगरले गर्न सक्दैन। गरिहालेपनि त्यो काम गर्दा महानगरको जिम्मेवारीका काम छुट्ने संभावना रहन्छ। महानगरले स(साना नाला, रोड लगायतका विकासका काममा ध्यान दिन सक्छ। संविधानले पनि संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय, सहकार्यमा विकास र समृद्धिको बाटोमा अघि बढ्ने कल्पना गरेको छ। महानगरले गरेको विकासका काम के कसरी भईरहेका छन्। उपभोक्ता समितिबाट भईरहेको छ कि ठेकेदारबाट ? कामको गुणस्तरीयता कस्तो छ ? भन्ने बारेमा आम नगरबासीले पनि ध्यान दिनुपर्छ। गलत भईरहेको छ भने खबरदारी गर्नुपर्छ। नगर प्रमुख, महानगरका कर्मचारीले मात्रै चाहेर महानगरको विकास र समृद्धि संभव छैन। नगरबासीको साथ आवश्यक पर्छ। विकासका लागि सहकार्य हुनुपर्छ।

# च्याउको परिचय, ऐतिहासिक पृष्ठभूमि, महत्व, जातीय विशेषता



उर्मिला श्रेष्ठ कृषि अधिकृत

### च्याउको परिचय

प्रकृतिमा वर्षायाममा यत्रतत्र वनजङ्गल पाखा, रुख वा रूखमुनि, मैदान वा फोहर थुप्रिएको ठाउँमा गोबर रहेको ठाउँमा सेतो, खैरो वा खरानी रङमा विभिन्न आकार प्रकारमा संरचना उम्रेको देखिन्छ जसलाई च्याउ भनिन्छ। यो विभिन्न प्रकारको ढुसीको फलनायक हो। ढुसी माकुराको जाल जस्तो सेतो, मसिनो धागो जस्तोले बनेको हुन्छ जसलाई अंग्रेजीमा माईसेलियम भनिन्छ।

जो उपयुक्त तापक्रम एवं सापेक्षिक आद्रता पाएपछि ढुसीको वृद्धि हुन्छ र त्यसबाट यसको फल फल्दछ जसलाई च्याउ भनिन्छ। यसले आफ्नो खाना आफैं बनाउन सक्दैन।

सडेगलेको वस्तु, रुखको मुडामा भएको पोषक तत्वलाई उपयोग गरी हुर्कन्छ। च्याउहरु चेप्टो, डल्लो वा सुइरो आकारका हुन्छन्। काममा समेत प्रयोग गरेको पाइन्छ।

### च्याउको प्रयोग:

नेपालमा तरकारी, पकौडा, अचार, खिर, मुर्रवा चप, मसरूम चिलि, पराठा, रायता, कढी, बरी, पापड, जेली, जाम, सैंडविच, मसरूम सुप, हलुवा, दोप्याजा, औषधि, सजावटको रुपमा प्रयोग गरिन्छ भने विकसित देशमा औषधिको साथै लागूपदार्थ को तयारी गर्न एवं झिंगा मार्ने काममा समेत प्रयोग गरेको पाईन्छ।च्याउको ऐतिहासिक पृष्ठभूमि

विश्वमा २ हजार प्रजातिको च्याउ पाइन्छ जसमध्ये १ हजार ८ सय च्याउ विषालु भएको पाइन्छ।

नेपालमा ७ सय ८० प्रजातिको च्याउ पाइएकोमा त्यसमध्ये १ सय ४७ किसिमको खानयोग्य र १ सय ४० किसिमका विषालु ७३ प्रजाति औषधि उपयोगी र १२ प्रजाति सजावटका लागि प्रयोग गरिन्छ।

नेपालमा सन् १८३८ देखि सर्भेक्षण गरेको पाइन्छ तर व्यावसायिक रुपमा सुरुवात सन् १९७५ बाट भएको हो। भारतमा सन् १९६० बाट सुरु भएको हो। नेपालमा ३० किलोबाट सुरू भइ सन् २०१६ सम्म आएर ९ हजार ३ सय टन उत्पादन भएको हो।

भारतमा सन् २०१६(२०१७ मा १ लाख ३० हजार टन उत्पादन भएको पाइन्छ र हरेक वर्ष ४.३% वृद्धि दर रहेको छ। साथै भारतमा प्रति व्यक्ती २०(२५ ग्राम छ भने युरोप, अमेरिकामा २(३ किलो रहेको छ।

ऋग्वेदमा देउताहरूको लागि सोमरस मदिरामा समेत च्याउ प्रयोग भएको पाइन्छ। विश्वमा ४० प्रजातिको च्याउ खेती गरिन्छ। भारतमा २० प्रजातिको खेती गरिन्छ। विश्व भरिमा सरदर गोब्रे च्याउ ३१ %, मृगे/सिताके २४ %, कन्ये १४%, कालो/रातो च्याउ ९%, पराले ८ % र दुधे तथा अन्य १४ % मा खेती गरिन्छ।

विश्वमा चीन, इटाली, अमेरिका, नेदरल्याण्ड, पोल्याण्ड, फ्रान्स, क्यानाडा, इगंल्याण्ड, आएरल्याण्ड मुख्य च्याउ उत्पादक देश हुन्।

### च्याउको महत्व

यो विषादी रहित उत्पादन हो। प्रतिकुल मौषम तथा जलवायु प्रतिवर्तनले प्रभाव पर्दैन। महिला सशक्तीकरणमा सहयोग पुग्छ। स्थानिय श्रोत साधन तथा खेर गई रहेको सिपको सदुपयोग हुन्छ। विदेशी मुद्राको बचत तथा आर्जन गर्न सकिन्छ। आर्थिक महत्व तीन महिनाको छोटो अवधिमा लगानीको बढीमा तीन देखि चार गुणासम्म मुनाफा कमाउन सकिन्छ। यसलाई बिना खेतको खेती व्यवसाय भनिन्छ। किनकी च्याउ खेती घरको एउट कोठामा पनि गर्न सकिन्छ। कृषि उपजको प्रयोगगरी लागतको तुलनामा बढी मुनाफा प्रयोगपछि प्राङ्गरिक मल साथै गड्यौला मल बनाउनमा प्रयोग गर्न सकिन्छ। घरमै रोजगारीको सृजना हुन्छ। घरेलु उद्योगको रुपमा विकसित गर्न सकिन्छ।

### पोषक मान पौष्टिक महत्व



प्रोटीन ....... २३.४६.३% .७०.९० प्रतिशत सुपाच्य)
कार्बोहाइड्रेट ..... २८.५०%
वोसो ...... २.४.४.२%
रेसा ...... ११.१७.९%
खरानी ..... ६.३.१८.३%
फस्फोरस ...... १००.७.८३७ मि.ग्रा. प्रति १०० ग्राम
क्यालसियम ...... ११.८.१६५ मि.ग्रा. प्रति १०० ग्राम
आइरन ...... ६.०७.५२ मि.ग्रा. प्रति १०० ग्राम

च्याउमा भिटामिन ए, बी र सी, पोटासियम, सोडियम र आयरन समेत पाइन्छ। लाइसीन र ट्रिप्टोफिन २, अमिनो एसिड पाइन्छ जो अन्य खाद्यन्न बालीमा पाइदैन

बांकी तेश्रो पेजमा

# पर्सामा चाडपर्व लक्षित 'पर्व सुरक्षा योजना', अवाञ्छित गतिविधि हुन नदिने प्रहरीको प्रतिबद्धता

पर्सामा नजिकिदै गरेको दशैं, तिहार र छठ पर्वलाई लक्षित गरेर सुरक्षा योजना बनाईएको छ। आम सर्वसाधण पर्वको हर्ष र उल्लासमा मग्न रहँदा आपराधिक मनोबृत्तीका मानिस सकृय रहेन भएको विशेष सुरक्षा योजना बनाईएको प्रहरीले जनाएको छ। चाडपर्वमा हुनसक्ने आपराधिक गतिविधिलाई नियन्त्रण गरि शान्त र सुरक्षित वतावरणमा पर्साबासीले चाड मनाउन पाउने अवस्थाको सुनिश्चितता गर्ने उद्देश्यले पर्व सुरक्षा योजना बनाई कार्यान्वयन गर्न लागिएको प्रहरीको भनाई छ।

जिल्ला प्रहरी कार्यालय पर्सामा शुक्रबार प्रहरी उपरीक्षक बेल बहादुर पाण्डेले पत्रकार सम्मेलनको आयोजना गरेर पर्व सुरक्षा योजना बारे जानकारी दिए।

शान्ति सुरक्षाको स्थितिलाई सुदृढ गरी जनमानसमा सुरक्षा प्रत्याभूती गराउने, चाडबाडको समयमा हुन सक्ने अनुचित अमर्यादित तथा आपराधिक कृयाकलाप रोक्न, अवैध चोरी निकासी लगायतका अपराधिक घटनाहरु, धार्मिक सदभाव कायम राख्ने र कुनै पनि साम्प्रदायिक घटना हुन नदिन ट्रापिक व्यवस्थापन थप चुस्त र दुरुस्त बनाउन र सवारी दुर्घटनाहरु नियन्त्रण गर्न, चाड(पर्वको समयमा हुने कौडा तास झण्डिबुर्जा लगायतका जुवा खेल्न, कालोबजारी गर्न, आतिसवाजी, चन्दा उठाउने, चिा बिक्री गर्ने लगायतका अवाञ्छित गतिबिधि रोक्न, चाडपर्वको समयमा बढी भीडभाड हुने बजार तथा श्रद्धालुहरुको घुँईचो लाग्ने मठ(मन्दिरहरु, घाटहरु तथा मेला आयोजना हुने स्थलको व्यवस्थापन गर्न, सिमावर्ती क्षेत्रमा हुने तस्करी तथा राजश्व चुहावट नियन्त्रण गर्न, चाडपर्वको विदामा बन्द रहने सरकारी कार्यालयहरु तथा अन्य महत्वपुर्ण प्रतिष्ठानहरुको सुरक्षा व्यवस्था मिलाउन, र कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण गर्न स्वास्थ्य सम्बन्धी मापदण्डहरुको पालना गराउन पर्व सुरक्षा योजना तयार पारिएको उनको भनाई छ। बजार तथा मेला तथा ट्राफिक व्यवस्थापनका लागि पनि प्रहरीले योजना बनाएको छ।

### पर्सामा देखिएको सुरक्षा चुनौती

प्रहरीले चाडपर्वमा हुन सक्ने सुरक्षा चुनौतीको आंकलन समेत गरेको छ। चाडपर्वको समयमा मानिसहरुको भिड तथा भेला जम्मा हुन गई कोरोना भाईरस संक्रमण बढ्न सक्ने, झैझगडा बादबिबादका घटना बढ्न सक्ने, सिमावर्ती क्षेत्रमा चोरी तस्करीका गतिविधी बढ्न सक्ने, गुण्डागर्दी हुलहुज्जत, चोरी लुटपाट पकेटमारीमा वृद्धि हुन सक्ने, सार्वजनिक स्थलमा उछृङ्खल कृयाकलाप हुन गई सुरक्षामा खलल पुग्न सक्ने, दैनिक उपभोग्य समाग्रीहरुको कालाबजारी, नशालु तथा मादक पदार्थ सेवन गरी अवाञ्छित कृयाकलाप, डिजे सहितको भड्किलो साङ्गितिक कार्यक्रमहरु, भीड जम्मा भई झै(झगडा हुनसक्ने, अबैध तथा घरेलु मदिरा उत्पादन बिक्रिबितरण र उपभोग बढ्ने र सो को सान्ति सुरक्षमा दवाव पर्न सक्ने प्रहरीको ठम्याई छ। त्यस्तै जुवातास, कौडा, झण्डिबुर्जा खेल्ने जस्ता जुवा जन्य सामाजिक बिकृति बढ्न सक्ने, ट्राफिक चाप बढ्न जाने, ट्राफिक नियमको उल्लंघन गरी सवारी चलाई सडकमा अराजकता बढ्न सक्ने र फलस्वरुप सवारी दुर्घटनामा वृद्धि भई धनजनको क्षती हुन सक्ने, यात्रु बाहक सवारी साधन प्रयोगका क्रममा यात्रु ठगिने कार्य हुन सक्ने, चाड पर्व मनाउने र नमनाउने पक्षबीच साम्प्रादायिक झडपको स्थिती सृजना हुन सक्ने, खुल्ला सिमानाको दुरुपयोग भई भुईचम्पा, पटका जस्ता चिजवस्तुहरु भित्र्याउने, आतिसवाजी गर्ने एवं ध्वनि प्रदुषण गरी समाजकमा शान्ति भंग हुन सक्ने प्रहरीका आंकलन छ।

खुल्ला सिमानाको फाइदा उठाउँदै भारतिय अपराधीहरु भीडभाड भएका स्थानहरुमा आई चोरी, पाकेटमारी, लुटपाट हुन सक्ने, चाडपर्वको समयमा आर्थिक गतिबिधिमा वृद्धि भई गैर बैंकिङ कारोबार समेत बढ्न सक्ने, बित्तिय कारोबार हुने बैङ्क तथा वित्तिय संस्था भएका स्तानहरुमा लुटपाट, चोरी तथा ठगी जस्ता घटना हुन सक्ने, भारतिय बजार रक्सौल लगायतका स्थानमा किनमेल गर्न जानेको भीड बढेको अवस्थाको फाईदा उठाई सुन, चाँदी जस्ता बहुमुल्य धातुहरुको तस्करी हुन सक्ने अनुमान प्रहरीको छ।

### प्रहरीले अखितयार गर्ने सुरक्षा रणनीति तथा प्रहरी कारवाही

प्रहरीले शान्ति सुरक्षा कायम गर्न र कोभिड महामारी फैलन नदिन आवश्यक उपाय सबै अबलम्बन गर्ने जनाएको छ। हाल सञ्चालनमा रहेको ईनर्वास्थित कोभिड हेल्थ डेस्कलाई निरन्तरता दिने र आवश्यकता अनुसार डेस्क विस्तार गर्ने, धार्मिक आस्थामा आँच नआउने गरी शक्तिपिठहरुमा नित्य पूजा, अर्चना गर्ने ब्यबस्था मिलाउने, नो मास्क नो मुभ लाई कार्यान्वयन गर्न लगाउने, अनावश्यक भिडभाड भेला जम्मा हुन नदिने, स्थानिय तहसँग समन्वय गरी आवश्यकता अनुसार होल्डिङ सेन्टर तथा आईसोलेसन सेन्टर र प्रतिकार्य समेतको व्यवस्थापन गर्न लगाउने तयारी प्रहरीको छ।

त्यस्तै चाड पर्वको समयमा कोरोना भाईरको संक्रमण फैलिन नदिन नेपाल सरकारले जारी गरेको स्वास्थ्य सम्बन्धी मापदण्डहरु कडाईका साथ लागू गराउने, कोभिड नियन्त्रण सम्बन्धी सचेतनामूलक सामग्रीहरु आम सञ्चारका माध्यमद्वारा प्रचार प्रसार गर्नुका साथै सार्वजनिक स्थलहरुमा समेत माईकिङ् गर्ने व्यवस्था मिलाउने, जिल्ला जनस्वास्थ्य कार्यालयसँग समन्वय गरी कोभिड बिरुध्दको खोप बितरण कार्यमा आवश्यक सुरक्ष ब्यबस्था मिलाउने, प्रत्येक सामुदायिक प्रहरी सेवा केन्द्रको आयोजनामा कोभिड (१९ सम्बन्धी मापदण्ड पालना गर्दै सान्त र सुरक्षित बातावरणमा चाडपर्व मनाउने विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने प्रहरीको भनाई छ।

### मठ,मन्दिर, पोखरी तथा घाटहरुको सुरक्षा व्यवस्थापन

बडा दशैंको अवसरमा वीरगञ्जको गहवामाई, माईस्थान, विर्तामाई, राधेमाई, भुटनदेवि, विन्दवासिनी मन्दिरहरुमा भिडभाड हुने गरेको छ। ती ठाउँमा बिहान ४:०० बजेदेखि नै ४(४ घण्टाको सिफ्टमा जुनियर प्रहरी अधिकृतको कमाण्डमा ड्यूटी खटाई सिनियर प्रहरी अधिकृतले निरन्तर अनुगमन गर्ने गरी सुरक्षा व्यवस्था मिलाउने प्रहरी उपरीक्षक पाण्डेको भनाई छ।

वीरगञ्ज महानगरपालिकाभित्र रहेका अन्य मन्दिरहरु हनुमान मन्दिर, गिता मन्दिर, रानीसती मन्दिर, सत्यनारायण मन्दिर,अलखिया मन्दिर लगायतका मठ मन्दिरहरुमा समेत मोबाइल गस्ती, त्तच्त तथा सादा पोसाक

बांकी चौथो पेजमा

"करमा प्राप्त छुटको फाईदा उठाई समयमै कर तिरौं, जरिवानाबाट बचौं" "बीरगञ्ज नगरलाई समृद्ध बनाऔं"

# वीरगञ्जमा कौशी खेती प्रवर्द्धनका लागि अनुदानमा सामाग्री



वीरगञ्ज महानगरपालिकाले 'कौशी खेती प्रवद्धन'का लागि शत प्रतिशत अनुदानमा विभिन्न सामाग्री प्रदान गरेको छ। सहरी वडामा कौशी खेती प्रविधि नमुना प्रदर्शनीका लागि सामाग्री वितरण गरिएको महानगरपालिकाले जनाएको छ।

कार्यक्रमका लागि महानगरले २ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो। सोही रकमबाट विभिन्न सामाग्री खरिद गरेर वितरण गरेको कृषि तथा पशुपंक्षी व्यवसाय प्रवद्धन शाखाले जनाएको छ। हजारी, ह्यण्ड स्प्रे, नर्सरी ट्रे, पाँच किलोको बल्क कोकोपिट, तरकारी कम्पोजिट प्याक र प्लाष्टिक ग्रो ब्याग वितरण गरिएको शाखा प्रमुख एवं कृषि अधिकृत उर्मिला श्रेष्ठले जानकारी दिईन्।

' वडा नं १ देखि १६ सम्मका ९० जनालाई वितरण गर्ने लक्ष्य राखेका छौं, ३३ जनाले लगिसक्नुभएको छ।' उनले भनिन् ' निवेदन दिएका अन्यलाई पनि वितरण गर्ने तयारी गरिरहेका छौं।' कौशी खेती गर्न इच्छुक नगरबासीलाई प्रोत्साहन गर्ने उद्देश्यले अनुदानमा सामाग्री वितरणको कार्यक्रम राखिएको कृषि अधिकृत श्रेष्ठको भनाई छ।

' सहरी क्षेत्रमा तरकारी खेती गर्न जमिनको अभाव छ, मेहनत गर्ने हो भने कौशीमा नै परिवारलाई पुग्ने विषादी रहित, शुद्ध, ताजा तरकारी उत्पादन गर्न सकिन्छ।' उनले भनिन् ' सामान सहित खेती गर्ने तरिकाका बारेमा बताएर पठाएका छौं।'

कौशी खेतिका लागि एक वर्ष अघि महानगरपालिकाले तालिम समेत सञ्चालन गरेको थियो। वीरगञ्ज(५ का ७९ वर्षीय सुपेन्द्र बहादुर श्रेष्ठ कौशी खेतीका लागि अनुदानमा सामाग्री दिने बारे वडा कार्यालयबाट जानकारी पाएपछि निवेदन दिएको बताउँछन्।

' उमेर ढल्कीसकेको छ, त्यसै बस्नुभन्दा काम भएपछि हात खुट्टा चल्छ, शरीर स्वस्थ रहन्छ।' श्रेष्ठले भने 'शारीरिक व्यायाम गरे जस्तो समय बिताउने ठाउँ पनि हुन्छ, खेती गरेपछि केहि न केहि त उब्जिन्छ।'

सहरी क्षेत्रका किसानलाई लक्षित गरेर महानगरले प्राङ्गारिक खेती प्रवर्द्धनका लागि अनुदानमा मल वितरणको कार्यक्रम समेत राखेको कृषि तथा पशुपंक्षी व्यवसाय प्रवद्धन शाखाले जनाएको छ।




**वीरगञ्ज महानगरपालिका**
**नगर कार्यापालिकाको कार्यालय**
**वीरगञ्ज ,पर्सा**

**बीरगञ्ज महानगरपालिका क्षेत्रभित्रका सम्पुर्ण करदाताहरुमा हार्दिक अनुरोध :-**
**"करमा प्राप्त छुटको फाईदा उठाई समयमै कर तिरौं, जरिवानाबाट बचौं"**
**"बीरगञ्ज नगरलाई समृद्ध बनाऔं "**

(१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र बीरगञ्ज महानगरपालिकाको आर्थिक ऐन, २०७८ ले तोके बमोजिमको महानगरपालिकाले प्रत्येक बर्ष लिने मालपोत तथा भूमीकर एवं सम्पतीकर बुझाउनु पर्ने सम्पूर्ण महानगर भित्र बसोबास गर्ने नगरवासी करदाताहरुको दायित्व भएको र महानगरपालिकाले २०७८ साल पुस मसान्त सम्म १० प्रतिशतको छुटको सहुलियत दिएकोले आ(आफ्नो घरजग्गा तथा संरचनाहरुको समयमै मुल्याङकन गराई समयमै कर बुझाउनु हुन अनुरोध गरिन्छ।

(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र बीरगञ्जमहानगरपालिकाको आर्थिक ऐन, २०७८ ले तोके बमोजिमको महानगरपालिकाले प्रत्येक बर्ष लिने महानगर क्षेत्रभित्र ब्यापार ब्यवसाय गर्ने सम्पूर्ण ब्यवसायीहरुले आ(आफ्नो ब्यवसाय महानगरपालिकामा दर्ता गराई बार्षिक रुपमा ब्यवसाय कर बुझाउनु पर्ने सबै किसिमका ब्यबसायीहरुको दायित्व भएको र महानगरपालिकाले चालु आ।वा।को पुस मसान्त सम्म १० प्रतिशतको छुटको सहुलियत दिएकोले दर्ता हुन बाँकि ब्यवसायीले अनिबार्य रुपले दर्ता गराउनु हुन साथै साबिकमा दर्ता भैसकेका ब्यवसायीहरुले हाल सम्मको कर दाखिला गरी नविकरण गराउनु हुन अनुरोध गरिन्छ।

(३) स्थानिय सरकार सञ्चालन ऐन,२०७४ र बीरगञ्ज महानगरपालिकाको आर्थिक ऐन,२०७८ ले तोके बमोजिम महानगरपालिका क्षेत्रभित्रका नगरवासी करदाताहरुले आफ्नो स्वामित्वमा रहेको घर तथा जग्गा बहालमा दिने घरजग्गाधनीले बहालबाट प्राप्त रकमको नियमानुसार बहालकर बुझाउनु पर्ने प्रावधान रहेकोले बहालमा दिईएको सम्पतिबाट हुने आयको बिवरण दाखिला गरी बहालकर बुझाउनु हुन सम्पुर्ण करदाताहरुमा अनुरोध गरिन्छ।

तसर्थ उपर्युक्त शिर्षकहरुको धेरै बर्ष सम्म कर बक्यौता राख्दा जरिवाना समेत थप गरी कर तिर्नु पर्ने हुदाँ बीरगञ्ज महानगरपालिकाले चालु आ।बा।मा लाग्ने करमा माथि उल्लखित मिति सम्म मालपोत ९भूमिकर०, सम्पतीकर एवं ब्यवसायकरमा १० प्रतिशत छुटको ब्यवस्था सहित करदाताहरुलाई कर तिर्न सहजिकरण होस भन्ने हेतुले करदाताहरुकै घरदैलोमा पुगी सम्बन्धित कर स्थलगत नै बुझाउन सक्ने गरी कर असूली टोली खटाईएको हुदाँ खटि आउने टोलीलाई सम्पतिकर, ब्यवसायकर र बहालकर आवश्यक सहयोग गरी कर बुझाई नगरलाई समृद्ध बनाउन सहयोग गर्नु हुन सम्पुर्ण नगरवासी करदाताहरुलाई हार्दिक अनुरोध गर्दछौं।

**वीरगञ्ज महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**आदर्शनगर, वीरगञ्ज ।**

# च्याउको.......



## औषधिय गुण

च्याउले कोलेस्ट्रोल घटाउने काम गर्दछ। तनाव कम गर्दछ। कम ऊर्जा हुँदा भएकोले मधुमेह रोगीलाई फाईदा गर्दछ।एन्टिअक्सिडेन्ट पाईने भएकोले क्यान्सर रोग रोधी क्षमता विकास गर्दछ। प्रशस्त रेसा पाइने हुँदा कब्ज एंव अमिलपना कम गर्दछ। शरीरलाई अक्सिकरण बाट हुने क्षति बाट जोगाउने सेलेनियमको राम्रो स्रोत हो।

एफएओ च्याउलाई वैकल्पिक प्रोटिनको श्रोतको रुपमा सिफारिस गरेको छ। संयुक्त राष्ट्रसंघले सन् २०३० सम्म विश्वबाट भोकमरी र गरिबी अन्त्य गर्ने दिगो विकासको लक्ष्य घोषणा गरेको छ। नेपालले सन् २०१६(२०२५ मा भोकमरी तथा कुपोषण मुक्त बनाउने उद्देश्यले शून्य भोकमरी राष्ट्रिय कार्ययोजना लागु गरेको छ। नेपालको कृषि विकास रणनीति सन् २०१५(२०३५ मा खाद्य तथा पोषण सुरक्षाका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्य निर्धारण गरेको छ। च्याउ खेती अत्यन्त नाफामूलक छोटो समयमा प्रतिफल दिने, रोजगारीमैत्री, कृषि व्यवसायमुखी हुनुका साथै खाद्य तथा पोषण सुरक्षा र दृष्टिकोणले प्रचुर सम्भावना बोकेको क्षेत्र हो।

## च्याउको प्रजाति

पराले च्याउ, दुधे च्याउ, गोब्रे च्याउ, सिताके च्याउ/ मृगे च्याउ, कन्ये च्याउ, रातो च्याउ, खोया/ गुच्छी च्याउ, यार्सागुम्बा आदि च्याउका प्रजाति हुन्।

## पराले च्याउ

यसको खेती पराल, केराको पात, कपासका टुक्राहरु, उखुको बोक्रा तथा अन्य पदार्थमा गर्न सकिन्छ। ३०(३८ डिग्री सेल्सियस तापक्रम ७०(७५% सम्मको आर्द्रता भएको ठाउँमा यसको खेती उपयुक्त मानिन्छ।

## दुधे च्याउ

पराले च्याउ जस्तै उष्ण हावापानीमा उत्पादन हुन्छ। यसको सुरुवात भारतको पश्चिम बंगालबाट १९७६ देखि भएको हो। २५(४० डिग्री सेल्सियस सम्म भएको तापक्रम र ८०(८५% समको आर्द्रता भएको ठाउँ उपयुक्त मानिन्छ।

## गोब्रे च्याउ

संसारमा सबैभन्दा धेरै खेती हुने च्याउ हो सन् १६५० बाट फ्रान्सबाट सुरु भएको हो। तापक्रम १५(१८ डिग्री सेल्सियस र ८०(८५% समको आर्द्रता भएको ठाउँ उपयुक्त मानिन्छ। यसको खेति बिशेष किसिमले तयार पारिएको कम्पोष्ट मलमा गरिन्छ।

## सिताके च्याउ/मृगे च्याउ

यस च्याउको खेती जपान बाट अठारौं शताब्दीमा सुरु भएको हो। यस च्याउको खेती दुई किसिमले गर्न सकिन्छ। काठको मुढामा प्वाल पारी वीउ रोपी खेती गर्ने र काठको धूलोमा केही मात्रामा धानको ढुठो मिसाएर खेती गर्न सकिन्छ। एकपटक बीउ लगाएमा २(३ वर्षसम्म फल्ने गर्दछ। यसको खेती को लागी तापक्रम १०(२० डिग्री सेल्सियस तथा आर्द्रता ७०(८०% उपयुक्त हो।

## कन्ये च्याउ

यस च्याउको खेती जपान बाट अठारौं शताब्दीमा सुरु भएको हो। यस च्याउको खेती दुई किसिमले गर्न सकिन्छ। काठको मुढामा प्वाल पारी वीउ रोपी खेती गर्ने र काठको धूलोमा केही मात्रामा धानको ढुठो मिसाएर खेती गर्न सकिन्छ। एकपटक बीउ लगाएमा २(३ वर्षसम्म फल्ने गर्दछ। यसको खेती को लागी तापक्रम १०(२० डिग्री सेल्सियस तथा आर्द्रता ७०(८०% उपयुक्त हो।

## कन्ये च्याउ

समुद्रमा पाइने सीपी जस्तो देखिन्छ यसको रंग खैरो सेतो हुन्छ। खेती गर्न सरल भएको हो। तापक्रम २०(३० डिग्री सेल्सियस र ८०% आर्द्रता उपयुक्त मानिन्छ। यसको खेती धानको पराल बाहेक मकैको खोया, खोस्टा, काठको धूलो र छवालीमा गर्न सकिन्छ।

## खोया/गुच्छी च्याउ

पौष्टिक, स्वादिलो र औषधिको रुपमा प्रयोग गर्न सकिने उच्च हिमालमा पाइने च्याउ हो। यसको माथिल्लो भाग उपजाति हेरी त्रिकोण, गोलो आकारको हुन्छ। रङ फिका पहेलोदेखि कालो हुन्छ। १४ प्रजातिमध्ये ८ प्रजाति नेपालमा पाइन्छ। विश्वमा १५० टन माग रहेकोमा नेपालमा ५(६ टन मात्र उत्पादन हुन्छ भन्ने पाकिस्तानमा ५० टन उत्पादन हुन्छ। प्रतिकेजी ६ हजार(१५ हजारमा बिक्री भएको पाइन्छ। यसको खेतीको लागी ३५ डिग्री सेल्सियस तापक्रममा उपयुक्त मानिन्छ।

Cordyceps militaris mushroom भन्ने जातको च्याउ भारतमा ४ लाख प्रति किलो भारतीय रूपैयाँमा बिक्री हुन्छ।कृषि अधिकृत श्रेष्ठ, वीरगञ्ज महानगरपालिका कृषि तथा पशुपंक्षी व्यवसाय प्रवद्धन शाखामा कार्यरत छिन्।

**वीरगञ्ज महानगरपालिका**
**नगर कार्यापालिकाको कार्यालय**
**वीरगञ्ज ,पर्सा**

**बीरगञ्ज महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको महानगर क्षेत्रभित्र रहनु भएका सम्पुर्ण नगरवासी करदाताहरुमा हार्दिक अनुरोध :-**
**"समयमै कर तिरौं, जरिवानाबाट बचौं र बीरगञ्ज नगरलाई समृद्ध बनाऔं "**

वीरगञ्ज महानगरपालिका क्षेत्रभित्र सम्पति भएका सम्पतिधनी, विभिन्न प्रकृतिका व्यवसाय गर्ने व्यवसायीहरुका लागि महानगरपालिकाले चालु आ।वा।मा लाग्ने करमा २०७८ साल पुस मसान्त सम्म १० प्रतिशत छुटको सहुलियत दिने व्यवस्था सहित करदातालाई कर बुझाउन सहजिकरण होस भनी स्थलगत रुपमा कर बुझाउन सक्ने व्यवस्था गरी कर संकलन टोली खटाईएको हुँदा खटी आउने टोलीका कर्मचारीहरुलाई सम्पतिकर, व्यवसायकर एवं बहालकर समयमै कर बुझाई नगरको विकासमा सहयोग गरी दिनु हुन सम्पुर्ण नगरवासी करदाताहरुमा हार्दिक अनुरोध गर्दछौं।

**वीरगञ्ज महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**वीरगञ्ज ,पर्सा**

वीरगञ्ज महानगरपालिकाद्वारा साप्ताहिक रूपमा प्रकाशन गर्दै आईरहेको ई(बुलेटिनका लागि समाचार, लेख वा कुनै अन्य सामाग्री भए brjmetroebulletin@gmail.com मा ईमेल गर्न अनुरोध गरिन्छ।

# क्याप्सन फोटो





ढलान भयो सडक : वीरगञ्ज महानगरपालिका-१४ पिपरा नयाँ बस्तीमा २३ लाखको लागतमा निर्माण सम्पन्न भएको ढलान सडक । महानगरप्रमुख विजय कुमार सरावगी आईतबार बिहान स्थलगत निरीक्षण गरेका छन् । उनले उक्त सडकसँग जोडिएको सहायक सडक पनि बनाउन निर्देशन दिएका छन् ।

# फरक क्षमता भएकालाई महानगरले सहयोग गर्छ : महानगर प्रमुख सरावगी

वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख विजय सरावगीले महानगरपालिकाले फरक क्षमता भएका व्यक्तिहरुलाई सहयोग गर्दै आएको बताएका छन् ।

पर्सा बहिरा संघको ११ औं साधारण सभा उद्घाटन गर्दै बिहीबार नगर प्रमुख सरावगीले त्यस्तो बताएका हुन् ।

'महानगरपालिकाले शारीरिक तथा मानसिक रुपले अपांग बच्चाहरुको लागि विद्यालय संचालन गरेको छ । अन्य आवश्यक सहयोग पनि गर्दै आएको छ ।

' उनले भने ' फरक क्षमताका बालबालिका तथा व्यक्तिहरुलाई निःशुल्क पठन पाठन, आय आर्जन तथा रोजगारीका लागि सहयोग उपलब्ध गराउछैं ।

अर्न्तराष्ट्रिय सांकेतिक भाषा दिवसको अवसर पारेर गरिएको साधरण सभा उद्घाटन समारोहमा महानगरको उप प्रमुख शान्ति कार्की लगायत सहभागी थिए ।

साधारण सभाले सगुन श्रेष्ठको अध्यक्षतामा ९ सदस्यीय कार्यसमिति चयन गरेको छ ।

नव गठित समितिको उपाध्यक्षमा समिक्षा सापकोटा, सचिवमा अजय कर्ण, कोषाध्यक्षमा जुलफकार अन्सारी, सदस्यमा प्रभात मिश्र, सिल्पा कर्ण, रुपलाल भगत कोईरी, जगदीश कम्ती र उमेश गुप्ता रहेका छन् ।

## पर्सामा.........

ड्यूटिले निरन्तर उपशि्थति तथा निगरानी गरी सुरक्षा व्यवस्था मिलाउने, बडा दशैंको अवसरमा नवदुर्गाको मूर्ति विसर्जन गर्ने क्रममा हुनसक्ने झ, (झगडा तथा दुर्घटना नियन्त्रण गर्न सम्बन्धित व.प्र.का/इ.प्र.का. हरुले आफ्नो एरिया मातहतका घाटहरुमा ड्यूटी खटाई निश्चित स्थानसम्म मात्र जान पाउने व्यवश्था मिलाउने र मूर्ति सेलाउन सकेसम्म थोरै व्यक्ति मात्र संलग्न भई घाटमा जाने व्यवस्था मिलाउने प्रहरीको रणनीति छ ।

**बजार मेलाको सुरक्षा व्यवस्थापन रणनीति**

पर्साको विभिन्न स्थानमा चाडपर्वमा विभिन्न मेला, महोत्सव, दुर्गा पुजा र चाडपर्व लक्षित बजार लाग्ने गरेको छ । सरोकारवालाको बैठकले यसवर्ष रमाईलो मेला लगाउन दिने निर्णय गरेको छ। रमाईलो मेलामा मौतका कुवा जस्ता जोखिमपूर्ण खेल तमासा देखाउन प्रतिबन्ध छ । चाडपर्व लक्षित बजार तथा पसलहरुमा हुने बिक्रि वितरण कार्य व्यवस्थित गर्न नियमित अनुगमन टोली खटाउने, वीरगञ्ज महानगरपालिकाको मुख्य बजारहरु माईस्थान रोड, आदर्शनगर, घण्टाघर, बसपार्क लगायतका स्थानका स्थायी बजारलाई अव्यवस्थित हुन नदिन चौबिसै घण्टा डिउटी खटाउने, दशैं( तिहारलाई लक्षित गरी सर्वसाधारणले लत्ता कपडा, खाद्य वस्तु लगायत विभिन्न सामग्रीहरु ठूलो मात्रामा खरिद बिक्री हुने हुनाले बजार क्षेत्रमा सम्बन्धित प्रहरी ईकाईहरुबाट आवश्यकतानुसार सादा पोशाक, मोबाईल, पदैल गस्ती तथा पिकेट समेत खटाईने, जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी कालोबजारी नियन्त्रण गर्न, बजार अनुगमन गर्न अनुगमन टोली पठाईने प्रहरीले जनाएको छ ।

भिडभाडको मौका छोपी हुन सक्ने स्न्याचिङ् र बैंक बित्तीय संस्थाहरुमा हुन सक्ने लुटपाटलाई नियमन तथा नियन्त्रण गर्न सादा पोशाक तथा क्यु आरटी खटाईने, बैङ्क तथा वित्तिय संस्थाहरुमा तथा रकम भुक्तानी लिई आउने सेवाग्राहीको पछि लागेर लुटपाट, चोरी तथा ठगी हुनसक्ने सम्भावनालाई ध्यान दिई सचेत हुन आग्रह गर्ने तथा बैङ्क वित्तिय संस्था भएका स्थानहरु निरन्तर निगरानीमा राख्नुका साथै त्यस्ता स्थानमा प्रहरी गस्ती बढाउने नीति प्रहरीले लिएको छ ।

प्रहरी नायब निरीक्षकको कमाण्डमा सीसीटीभी जडित बजार तथा क्षेत्रका गतिविधि जिल्ला स्थित सीसीटीभी रुमबाट निरन्तर रुपमा अवलोकन गर्ने, सेफर वीरगञ्ज अन्तर्गत रहेका सीसीटीभी बाहेक अन्य व्यवसायी तथा संघ, संस्थाले राखेका सीसीटीभीहरुको समेत अभिलेख तयार गरी आवश्यकता अनुसार घटनाहरुको अनुसन्धान तथा प्रतिक्रियामा प्रयोग गर्ने, कुनै पनि घटना घटाई भाग्न सक्ने अवस्थालाई मध्यनजर गरी मुल बजार (घण्टाघर, माईस्थान, आदर्शनगर) मा क्युआरटी टोली खटाउने प्रहरीको तयारी छ ।

चाडपर्व अवधिभर ईनर्वा, घण्टाघर र बसपर्कमा १(१ वटा प्रहरी हेल्प डेस्क स्थापना गरिनेछ । लागु औषध दुर्व्यसनी, कोभिड(१९, घरेलु हिंसा, सामाजिक कुरीति आदी विषयमा विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, यात्रुहरुसँग तोकिएकोभन्दा बढी भाडा असुल गर्ने, क्षमताभन्दा बढी यात्रु चढाउने सवारी चालक, सह(चालक तथा टिकट काउण्टरहरुलाई कारवाही गर्ने, चोरी, लुटपाट, पाकेटमारी, मो.सा. चोरी, गुण्डागर्दी लगायत मुद्दामा पक्राउ परेका तथा सजाय भोगीसकेका व्यक्तिलाई निगरानीमा राख्ने र आवश्यक परेको खण्डमा निवारक हिरासतमा लिने, जिल्ला सुरक्षा समिति, अन्य सुरक्षा निकाय, स्थानिय तह तथा सरोकारवाला पक्षसँग उचित सम्पर्क, समन्वय र सहकार्य गर्ने, चाडपर्वमा हुने हर्ष उल्लासको माहौल, भीडभाड तथा साविकभन्दा बढी हुने आर्थिक कारोबारको फाईदा उठाउँदै चोरी, लुटपाट, पाकेटमारी जस्ता घटना घटाउने अपराधीहरु समेत सीमापारीबाट नेपाल आउन सक्ने हुनाले सिमावर्ती प्रहरी इकाईहरुले भारतीय प्रहरीसँग समन्वय गरी त्यस्ता व्यक्तिहरुको पहिचान गर्नुका साथै निरन्तर चेकिङ् गर्ने तथा शंकास्पद व्यक्तिलाई प्रवेश गर्न नदिने व्यवस्था मिलाउने, प्रहरी चेकजाँचलाई बढाउने प्रहरी अधिकारीहरुले बताएका छन् ।

प्रहरी परिचालन र सकृयतालाई अधिकतम वृद्धि गर्ने, भारतबाट आउने नेपाली यत्रुलाई सीमामा अनावश्यक हैरानी तथा दुख नहोस भन्नाका हेतु भारतीय सुरक्षाकर्मी र सरोकार पक्षसँग उचित सम्पर्क समन्वय गरी अनुकुल बातावरण सृजना गर्ने, अपराधजन्य घटना हुने स्थान र आपराधिक व्यक्तिको हर्कत उपर निरन्तर निगरानी राख्ने, प्रहरी कर्मचारीहरुको विदामा कटौती गर्ने र सबै प्रहरी कर्मचारीलाई स्ट्याण्डवाईको अवस्थामा राख्ने, अबैध मदिरा भट्टि नष्ट गर्ने, जुवा तास कौडा झण्डीबुर्जा (खडखडे) हुन नदिने र हुने स्थानमा छापामारी गर्ने र शान्ति सुरक्षमा खलल् पुग्ने तथा सुरक्षा जोखिम बढाउने कुनै पनि कानुन् विपरीत कार्यमा संलग्नलाई कडाईका साथ कारबाही गर्ने नीति प्रहरीले अख्तियार गरेको छ ।

**भुईँचम्पा, पटका, आतिसवाजी नियन्त्रण, चन्दा संकलन तथा चिा बिक्रीमा निषेध**

पर्सामा दशैं, तिहार र छठलाई लक्षित गरी ठूलो मात्रामा भुईँचम्पा, पटका जस्ता आतिसवाजी एवं विष्फोटक पदार्थहरु भित्रिने गरेको छ । पर्सा हुँदै तस्करीबाट भित्रिएका त्यस्ता सामाग्री अन्य जिल्लामा समेत पुग्ने गरेको छ । त्यसलाई मध्यनगर गरेर सिमा नाकाहरुमा नियमित प्रहरी परिचालन गर्ने प्रहरीले जनाएको छ ।

वीरगञ्ज प्रवेश गर्ने मुख्य नाकाहरु ईनर्वा, नगवा, छपकैया, भकुवा र भारतसँग सिमाना जोडिएका अन्य सिमानाकाहरुमा समेत अबैध चोरी पैठारी, अनधिकृत आवत जावत रोक्न त्यस्ता स्थानहरुमा २४ सै घण्टा चेक जाँचको व्यवस्था मिलाईने, अवैध रुपमा विष्फोटक पदार्थ ल्याउने व्यक्तिहरुलाई पक्राउ गरी कानूनी दायरामा ल्याउने र सुरक्षाकर्मीहरुलाई झुक्याएर भित्र्याईएका विष्फोटक पदार्थहरुको बेचविखन तथा भण्डारण गर्ने स्थानहरु पहिचान गरी नियन्त्रण गरी संलग्न व्यक्तिलाई कानूनको दायरामा ल्याउने प्रहरीको भनाई छ ।

**ट्राफिक व्यवस्थापनमा स्वयं सेवक**

चाडवाडको समयमा मेला लाग्ने तथा मन्दिरहरुमा श्रद्धालुहरुको भीडभाड हुने गर्दछ । त्यस्ता स्थानमा फोहोरमैला, एम्बुलेन्स, दमकल, सुरक्षा निकाय तथा भीआईपीहरुको सवारी साधनबाहेक अन्य सबै सवारी साधन प्रवेश गर्न निषेध गर्ने, घण्टाघरबाट माईस्थान जाने बाटो, भानुचोकबाट घण्टाघर जाने बाटो, रेल्वे रोडबाट माईस्थान प्रवेश गर्ने बाटो, मकालु चोकबाट माईस्थान जाने बाटो, मेला लाग्ने स्थान वरपर जाथाभावी पार्किङ् गर्न नदिने र अटेर गर्नेलाई अधिकतम जरिवाना गर्ने प्रहरीले जनाएको छ ।

चाडपर्वको समयमा मादक पदार्थ सेवन गरी सवारी चलाउने, क्षमताभन्दा बढी यात्रु सवार हुने (विशेष गरी मोटरसाईकल, हेल्मेट नलगाई मोटरसाईकल चलाउने लगायतका ट्रूाफिक नियम उलंघन गर्नेहरु विरुद्ध व्यापक कारवाही गर्ने, आपराधिक गतिविधिहरुमा संलग्न हुने व्यक्तिहरुले सवारी साधनमा नम्बर प्लेट नराख्ने, नम्बर प्लेट माथि हिलो पोत्ने लगायतका काम गरी सवारी साधनको पहिचान लुकाउने भएकोले नम्बर प्लेट नराखेका सवारी साधन, नम्बर स्पष्ट नचिनिने सवारी साधनहरु नियन्त्रणमा लिई स्पष्ट पहिचान हुने नम्बर प्लेट राखेपछी आवश्यक जरिवाना गरी पठाउने, सवारी आवागमनमा अवरोध हुने गरी तथा पैदल यात्रुलाई समस्या पर्ने गरी सडक तथा फुटपाथमा पार्किङ् गरिएका सवारी साधनहरुलाई गरिने कारवाहीमा तिव्रता दिइने प्रहरीको भनाई छ ।

चाडपर्वको समयमा यात्रुहरुलाई सवारी साधनको कमि हुन नदिन तथा अनुचित भाडा असुल नगर्न बस व्यवसायीहरुसँग समन्वय गरी उचित व्यवश्था मिलाउने, बडा दशैं घटस्थापनादेखि नवमीसम्म देवी मन्दिरहरुमा हुने पूजाआजा, सप्तमी र अष्टमीको दिन गवामाई मन्दिरमा हुने बली, नवमीमा नदि घाटहरुमा हुने दुर्गा बिसर्जनका समयमा आवश्यकता अनुसार क्षेत्र तोकेर आवागमन नियन्त्रण गरेर ट्रूाफिक व्यबस्थापन गर्ने र त्यसका लागि आवश्यकता अनुसार स्वयं सेवक परिचालन गर्नेगरि प्रहरीले सुरक्षा योजना तयार पारेको छ ।

**९ सय ७६ जनशक्ति र तालिम प्राप्त कुकुर परिचालन हुने,**

पर्व सुरक्षा योजना कार्यन्वनका लागि जिल्लामा ४६ महिला सहित ९ सय ७६ जनशक्ति परिचालन हुने प्रहरी नायब उपरीक्षक ओम प्रकाश खनालले जानकारी दिए ।

६५ प्रहरी ईकाईबाट ४ वटाका दरले दैनिक २७० पैदल गस्ति हतियार सहित परिचालन गर्ने, ११ प्रहरी ईकाईबाट दैनिक १ वटाका दरले (थप समेत) १५ गाडी मोबाईल टोली खटाईने, ५९ प्रहरी ईकाईबाट दैनिक १ वटाका दरले ५९ मोटरसाईकल मोबाईल टोली घुम्न, १२ वटा हतियार सहित क्यु आरटी २४ घण्टा परिचालन हुने, महानगर क्षेत्र र अन्यत्रका बजार एरियामा आवश्यकता अनुसार चेक प्वाईन्ट खडा गर्ने, वीरगञ्ज, परवानीपुर, जीतपुर(ठोरी, वीरगञ्ज( ठोरी हुलाकी सडक, गण्डक( जानकिटोला सडक खण्ड र सिर्सिया( भिश्वा(सेडवा सडक खण्ड मा मोबाईल गस्ती बढाउने तयारी प्रहरीले गरेको छ । तालिम प्राप्त कुकुर सहितको चेकिङ सीमा नाका र जङ्गल क्षेत्रका संकास्पद नाकामा लागु औषध तथा बिष्फोटक पदार्थ केन्द्रित तालिम प्राप्त कुकुर सहितको चेकिङ परिचालन गरिने, सीमा नाका, बैंकिङ कारोबार हुने किनमेल भिडभाड हुने बजार क्षेत्रमा सादा पोशाक ड्युटी खटाउने, दशैं, तिहार र छटका अवसरमा हुने बिभिन्न धार्मिक कामकर्जेमा उचित सुरक्षा प्रत्याभुती हुने गरी मन्दिर तथा पर्व मेला सुरक्षा दिने प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालयमा सिनियर प्रहरी अधिकृतको कमाण्डमा १ रिजर्भ टोली (वान टनमा), २ वटा वडा प्रहरी कार्यालय र ३ वटा वडा प्रहरी कार्यालय गरि ७ स्टूाईकिङ टोली हतियार तथा फुल गेयरमा तत्काल परिचालन हुने गरी स्ट्याण्डबाई रहने व्यवस्था मिलाईएको प्रहरी नायब उपरीक्षक खनालको भनाई छ ।

## विश्व मुटु.......

२०१२ मा सन् २०२५ सम्म विश्वभरि नै नसर्ने रोगहरूलाई २५ प्रतिशतले कम गर्ने साझा सहमति गरेका छन् । हरेक वर्ष करिब २ करोड मान्छेहरू हृदयघात अनि हृदयसम्बन्धी रोग अनि समस्याहरूले मृत्युवरण गरिरहेको तथ्याङ्क छ ।

हृदय अर्थात् मुटु, माया, दया, भावना अनि आनन्दलाई मुटुसँग जोडेर हेरिन्छ । मुटु वास्तवमै स्वास्थ्य अनि गतिशिलताका लागि पर्याय छ। विश्व मुटु संगठनले मुटुको यही संवेदनशीलता अनि महत्वलाई ध्यानमा राख्दै हरेक वर्ष सेप्टेम्बर २९ लाई मुटु दिवसका रूपमा मनाउन थालेको हो ।

यस दिन हृदय रोगीहरू, उपचार प्रदायकहरू, जनचेतकहरू, सञ्चार माध्यमहरू असन जनमानसहरू एकै थलोमा भेला भएर मुटुको रक्षा गर्ने कुराहरू अनि विभिन्न जानकारीका साथ प्रस्तुत हुन्छन् ।

व्यस्त जीवनशैली, प्याकेटका खानेकुराहरूका अत्यधिक प्रयोग, अशुद्ध खानेकुरा, प्रशोधित अनि केमिकलजन्य उपभोग्य सामाग्रीहरूको प्रयोग, तनावपूर्ण जीवनशैली, अस्वस्थ प्रतिस्पर्धा अनि प्रकृतिसँगको दूरीका कारण हामी हृदय रोगको सम्भावित जोखिममा परेको चिकित्सकहरु बताउँछन् ।

दैनिक व्यायामको अभाव, खेलकुदमा कम रुचि, धुम्रपान अनि मदिरापान, औषधिको धेरै सेवन अनि तनाव लिने बानी मुटुका लागि हानिकारक छ। मुटुको स्वास्थ्मा ध्यान दिन सकेमा करिब ८० प्रतिशत हृदय रोगीहरूको असामयिक मृत्यु रोक्न सकिने चिकित्सकको भनाई छ ।

## भारतीय........

साधन खरिद गरी प्रयोग गर्ने र लामो समयसम्म राख्ने गरेको पाईन्छ ।

भने अस्थायी सवारी पास एउटा भारतीय गाडी एक वर्षमा ३० दिनसम्म नेपालमा राख्न मिल्नेगरि पाईन्छ। त्यसका लागि निश्चित शुल्क तिर्नुपर्ने हुन्छ। कार, जीप, भ्यान, टुरिष्ट चढ्ने मिनीबस, बसका लागि प्रतिदिन ५ सय रुपैयाँ, मोटरसाईकल स्कुटरको हकमा प्रतिदिन १ सय ५० रुपैयाँ प्लस भ्याट तिर्नुपर्ने हुन्छ ।

सामान्य अवस्थामा पास लिएपछि भारतीय सवारी साधनलाई आउन जान दिने गरिएको थियो। औसत ५ सय वटा चार पांग्रे सवारी र १ हजार ५ सयको हाराहारीमा मोटरसाईकल भारतबाट नेपाल आउने गरेको अनुमान छ। तर सकारले जारी गरेको आदेशमा नेपाल प्रवेश गर्नुभन्दा ७२ घण्टा अघि कोभिड(१९ परीक्षण गरी रिपोर्ट नेगेटिभ आएको प्रमाण, विदेशबाट नेपाल आउने व्यक्तिले भर्नुपर्ने अनलाईन फर्म भरी त्यसको प्रिन्ट प्रति साथमा लिएर गएपछि मात्रै पास दिने प्रमुख भन्सार अधिकृत हरिहर पौडेलले बताए ।

' भारतीय नागरिकले उताबाट आउँदा साथमा कोभिड(१९ परिक्षण गरी रिपोर्ट नेगेटिभ आएको प्रमाण ल्याउनुपर्छ, नल्याएको खण्डमा नाकामा रहेको हेल्थ डेस्कमा एन्टीजीन परीक्षण गराउनुपर्छ ।' उनले भने ' त्यसपछि अनलाईन फर्म भरेको कागजात पेस गरेपछि पास मिल्छ ।' उनले कानुनी प्रक्रिया पुरा गरेपछि स्वास्थ्य सम्बन्धि मापदण्ड पुरा गरेका भारतीय सवारी साधनलाई मात्रै नेपाल प्रवेशको अनुमति दिईने बताए ।

स्थल मार्गबाट नेपाल प्रवेश गर्ने भारत बाहेक अन्य मुलुकका नागरिकको हकमा खोपको मात्रा पुरा गरेको, ७२ घण्टा भित्र कोभिड( १९ रिपोर्ट परीक्षण रिपोर्ट नेगेटिभ आएको, विदेश स्थित सम्बन्धित नियोगबाट नेपाल प्रवेश गर्नका लागि भिसा लिएको हुनुपर्ने व्यवस्था आदेशमा गरिएको छ ।

**नाका खुलेकोमा भारतीय खुशी**

कोरोना महामारी रोकथाम नियन्त्रणका लागि ०७६ चैत ११ गतेदेखि नेपाल सरकारले अर्न्तराष्ट्रिय नाका बन्द गरेको थियो । पछि सर्वसाधरणको आवागमनका लागि निश्चित नाका खोलेको भएपनि भारतीय सवारी साधन आवागमनमा रोक कायमै थियो । शुक्रबारबाट भारतीय सवारी साधन पनि पास लिएर नेपाल प्रवेश गर्न पाएका छन् । भारतीय जनता पार्टी ( बिजेपी) रक्सौल नगर उपाध्यक्ष जसबन्धु गुप्ताले नाका खुल्नु स्वागत योग्य कदम भएको बताए ।

गाडी भएर पनि नेपालका धार्मिक तिर्थ स्थलहरु मनकामना, पशुपतिनाथको दर्शन गर्न जान पाएका थिएनौं, सौराहा, पोखरा लगायत रमणीय स्थान घुम्न जान सकेका थिएनौं।' उनले भने ' अब परिवारलाई साथमा लिएर भगवानको दर्शन गर्नुको साथै पर्यटकीय स्थलहरुको आनन्द लिन्छौं ।

भारतले २२ अक्टोबर २०२० बाट नै सीमा नाका खोलिदिएको थियो तर भारतीय सवारी साधन आवागमनमा रोक थियो । रक्सौलकै अनुज सिन्हाले भारतीय सवारीमा नेपाल घुम्न पाउने अवसर जुटेको बताए ।

' रोटीबेटीको सम्बन्ध छ, कोरोना महामारीले गर्दा केहि समय टाढा बस्नुपरको थियो ।' उनले भने ' अब फेरि त्यो हटेको छ, स्वागतयोग्य कदम छ ।'

भारतीय पत्रकार दिपक कुमारले डेढ वर्षपछि भारतीय सवारीलाई नेपाल प्रवेश गर्ने अनुमति मिलेकोले घुम्ने अवसर मिलेको बताए ।

**यस्तो थियो परिषदको निर्णय**

असोज ११ गते बसेको मन्त्री परिषद बैठकले स्थलमार्गबाट नेपाल प्रवेशका लागि साविकमा तोकिएका अर्न्तराष्ट्रिय नाकाहरु खुल्ला गर्ने, स्थलमार्गबाट नेपाल प्रवेश गर्न चाहाने भिसा आवश्यक पर्ने मुलुकका विदेशी नागरिकहरुलाई अध्यागमन कार्यालय रहेका सीमा नाकाहरुबाट भिसा दिई नेपाल प्रवेश गर्न दिने, यसरी प्रवेश गर्ने नेपाली तथा विदेशी नागरिकहरुले असोज ५ गते नेपाल सरकारले जारी गरेको विदेशबाट नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरुको यात्रा व्यवस्थापन सम्बन्धि ओदश २०७८ अनुसार स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्नुपर्ने निर्णय गरेको थियो ।